प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## <u>कार्यकारी निर्देशक आवश्यकता सम्बन्धी सूचना</u>

प्रथम पटक प्रकाशित मितिः २०७७/०८/०८

प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अधिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले "प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७" बमोजिम सुशासन केन्द्र स्थापना भएको छ। उक्त आदेशको दफा १३ को उपदफा (३) मा उक्त केन्द्रमा कार्यकारी निर्देशक पद रहने र सो का लागि सोहि दफाको उपदफा (२) बमोजिम सिफारिस गर्नुपर्ने भएकाले **कार्यकारी निर्देशक पद**को लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दरखास्त आव्हान गरिन्छ।

<u>तपशिल</u>

- **पदः** कार्यकारी निर्देशक
- **माग पद संख्याः** १ (एक)
- **कार्य अवधिः** नियुक्त भएको मितिले ४ वर्ष
- **न्युनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको।
- **कार्य अनुभवः** स्वायत्त शासन, प्रशासन, विकास, व्यवस्थापन वा प्राज्ञिक क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको।
- **परिक्षाको किसिमः** शैक्षिक योग्यता, कार्य अनुभव, कार्ययोजना निर्माण तथा प्रस्तुतिकरण र अन्तरवार्ताको आधारमा।
- **पेश गर्नुपर्ने कागजातः** प्रदेश सुशासन केन्द्रको कार्यकारी निर्देशक सिफारिस सम्बन्धी कार्यविधि, २०७७ को अनुसुची – १ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ। (उक्त कार्यविधि यस कार्यालयको वेभ साइट ocmcm.bagamati.gov.np मा उपलब्ध छ)
- **सेवा सुविधाः** प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ अनुसुचि – १ बमोजिम।
- **उमेरः** ३५ वर्ष पुरा भई ६० वर्ष ननाघेको।
- थप जानकारीको लागि सम्पर्कः ०५७-५२३५८, ०५७-५२२३९७
- **दरखास्त पेश गर्ने स्थानः** इच्छुक उम्मेदवारले उल्लेखित मिति भित्र प्राप्त हुने गरी निवेदन, वैयक्तिक विवरण, कार्ययोजना, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्यअनुभवको प्रमाणपत्र तथा अन्य कागजातहरु राखि इमेल (governance.ocmcm@bagamati.gov.np, <u>ocmcm.p3.gref@gmail.com</u>) वा स्वयं कार्यालयमा उपस्थित भई आवेदन दिन सकिनेछ।
- **दरखास्त पेश गर्ने अन्तिम मितिः** २०७७/०८/२२ गते कार्यालय समय भित्र।
- म्याद नाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।
- आवेदन परेका मध्येबाट छोटो सुची (short list) प्रकाशन पश्चात अन्तरवार्ताको लागि phone/email/message बाट जानकारी गराइनेछ।

कार्यकारी निर्देशक सिफारिस समिति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडा